प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# मत्स्य विकास केन्द्र

शाम्सेरगंज, बाँके

☎ : ०८१-४०००२७
E-mail: fdcsumsergunj@gmail.com
Web: www.fdcbanke.lumbini.gov.np

## पुराना जिन्सी सामानहरुको लिलाम बढाबढ हुने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः२०७८/०९/०७ गते)

सूचना नं.०१-२०७८/०७९

मत्स्य विकास केन्द्र, सम्शेरगंज बाँकेको नाममा रहेको पुरानो र जीर्ण अवस्थामा रहेका जिन्सी सामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बढाबढ प्रक्रियाद्धारा विक्री गर्नुपर्ने भएकाले तपसिलको शर्तहरु पालना हुने गरी इच्छुक व्यक्ति, फर्म वा संगठित संस्थाले यस केन्द्रमा यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले सात(७) दिनभित्र आफ्नो नागरिकताको प्रतिलिपी वा संस्था दर्ताको प्रतिलिपी सहित रु.१०/- को टिकट टाँसी निवेदन दिनुहुन अनुरोध छ । अन्य विस्तृत विवरण यस केन्द्रको सूचना पाटीमा टाँस गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

१.लिलाम गरिने मालसामानहरुको न्युनतम मूल्य रु.२४३८०/- कायम गरिएको छ ।

२.लिलाम गरिने मालसामानहरुको अवस्था हेर्न चाहेमा कार्यालय समयमा सम्पर्क राखी हेर्न सकिने छ ।

३.लिलाम बढाबढमा भाग लिने इच्छुक व्यक्ति,फार्म वा कम्पनीले डाँक बढाबढ शुरु हुनु अघि न्युनतम् मूल्यको पाँच प्रतिशतले हुने रकम नगदै धरौटी राख्नु पर्ने छ र आफुले कबोल गरेको थप रकमको पाँच प्रतिशत नगदै धरौटी सोही अनुरुप थप गर्दै जानुपर्नेछ ।

४.लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबोल गर्ने लाई सामान दिइने छ । र कबोल गरेको सात (७) दिन भित्र बाँकी रकम दाखिला गरी सामान उठाई लैजानु पर्नेछ । निर्धारित म्याद भित्र सामान उठाई नलगेमा धरौटी रकम जफत गरी दोस्रो मुल्य कबोल गर्नेलाई सामान उठाई लैजाने सूचना दिन सकिनेछ।

५.लिलाम डाँक बढाबढ यो सूचना प्रकाशित मितिले ८ औं दिन दिनको २:००बजे अर्थात २०७८/०९/१४ गते दिनको २:०० बजे मत्स्य विकास केन्द्रमा हुनेछ ।

६. लिलाम बढाबढ स्वीकृत गर्ने वा नगर्ने अधिकार यस केन्द्रमा सुरक्षित रहने छ ।

७.यस सम्बन्धी थप जानकारीको लागि केन्द्रको जिन्सी शाखामा कार्यालय समयमा सम्पर्क राख्न सकिने छ ।

(श्रवण कुमार चौधरी)
केन्द्र प्रमुख
वरिष्ठ मत्स्य विकास अधिकृत